# श्री तेर्सै माध्यमिक विद्यालय

## विद्यालय छात्रावास व्यवस्थापन कार्यबिधि
## २०७८

मेलम्ची नगरपालिका ६, तालामाराङ, सिन्धुपाल्चोक

# श्री तेर्से माध्यमिक विद्यालय

मेलम्ची नगरपालिका ६, तालामाराङ, सिन्धुपाल्चोक

# विद्यालय छात्रावास व्यवस्थापन कार्यबिधि २०७८

*भूमिका*

श्री तेर्से माध्यमिक विद्यालय ग्रामीण बस्तिमा सञ्चालित हुनाले विभिन्न बस्तीहरूबाट आइ कोठा लिएर बस्नुपर्ने र कतिपय विद्यार्थीका लागि विद्यालय आइपुग्न घण्टौ समय लाग्ने हुनाले त्यस्ता विद्यार्थीहरूको पढाइलाई सहज बनाउन विद्यालयले छात्राबासको व्यवस्थापन गरेको हो । विद्यालय छात्राबासको व्यवस्थापन र यसलाई व्यवस्थित बनाउन यो कार्यबिधि तयार गरी कार्यान्वयन गरिएको छ । यो कार्यबिधि विद्यालय व्यवस्थापन समितिको मिति २०७८ साल कार्त्तिक ७ गतेको बैठकको निर्णय अनुसार सोही मितिदेखि लागु हुनेछ ।

१. छात्राबास सम्बन्धी आधारभुत अवधारणा :

विद्यालयले सञ्चालन गरेको छात्राबासको सञ्चालन र व्यवस्थापन तपशील अनुसारको मान्यता र मर्म अनुरूप सञ्चालन हुनेछ ।

क) विद्यालयमा टाढाबाट आउने विद्यार्थीहरू पहिलो प्राथमिकतामा पर्नेछन् ।

ख) छात्राबास मुनाफारहित ढंगबाट स्वयं विद्यार्थीमार्फत प्राप्त स्रोतमा आधारित भएर सञ्चालन हुनेछ ।

ग) छात्राबासको दिगोपना र विद्यार्थीका लागि सहुलियत हुने गरी व्यवहारिक सीपसँग सम्बन्धित आयआर्जनका कार्यहरू औसतमा दैनिक एक घण्टासम्म विद्यार्थी, कर्मचारी र स्वयं होस्टलमा रहने शिक्षकहरू परिचालित हुने गरी सञ्चालन हुनेछन् ।

घ) छात्राबासमा बस्ने विद्यार्थीहरूको शैक्षिक स्तरमा हुने सुधारको अनुपात अन्य विद्यार्थीको भन्दा उच्च हुनेछ ।

ङ) छात्रबासको व्यवस्थापन र सञ्चालनमा देखिने समस्या, अभिभावक वा समुदायमा पर्न नकारात्मक प्रभाव सम्बन्धमा कर्मचारी, संयोजक शिक्षक र छात्राबासमा रहने अन्य शिक्षकमा सामुहिक रूपमा पूर्ण जवाफदेहीता रहने छ ।

च) छात्राबासमा तत्कालका लागि ४८ जनासम्म विद्यार्थीहरू रहनेछन् । थप कोठा निर्माण भएमा भने सोही अनुसार विद्यार्थी संख्या थप हुन सक्नेछन् । ७० जना सम्म संख्या भएको अवस्था साविककै कर्मचारी साविककै सेवासुबिधामा परिचालित हुनेछन् ।

छ) छात्राबासमा सम्बन्धित शिक्षक, कर्मचारी र विद्यार्थीबाहेक कसैले पनि बास बस्ने, खाना-खाजा खाने काम गर्ने छैनन् ।

ज) कक्षा चार वा सो भन्दा माथीका वा आफ्नो शारीरिक सरसफाइ र व्यक्तिगत सामग्रीको व्यवस्थापन आफैं गर्न सक्ने विद्यार्थीमात्र छात्राबासमा राखिनेछ ।

झ) विद्यार्थीहरू विरामी परेमा वा बिना जानकारी भागेर बेपत्ता भएमा वा कुनै अस्वभाविक व्यवहार देखाइ निजकै कारणले कुनै घटना घटेमा वा कुनै प्राकृतिक विपद्का कारण सोबाट उत्पन्न परिस्थितिको पूर्ण जिम्मेवारी अभिभावक नै हुने शर्तमा मात्र विद्यार्थीहरू छात्रबासमा राखिनेछन् ।

२. छात्राबासमा रहने कर्मचारी :

अ) किचन वार्डेन :

छात्राबासमा कर्मचारी एक जना व्यवस्थापन गरिनेछ । श्रीमान् श्रीमतीदुवै उत्तिकै जिम्मेवार हुनेछन् । तर एकमुष्ट कर्मचारीको रूपमा परिभाषित गरिनेछ । कर्मचारीको भूमिका देहाय बमोजिम हुनेछ ।

क) कर्मचारी रूपमा जिम्मेवारी पाएको व्यक्तिको श्रीमान/श्रीमती दुवै छात्राबास मै रहन सक्नेछन् र विद्यालय उमेर अवधिभर निजका दुईवटा सम्म छोराछोरी पनि साथमै रहन सक्नेछन् । व्यवस्थापनको जवाफदेहिता भने सबैको उत्तिकै रहनेछ । कर्मचारीको रूपमा सेवा सुबिधा एक जनाको रूपमा मात्र हुनेछ ।

ख) दैनिक खाना खाजा बनाउने, विद्यार्थीलाई समयमा खुवाउने, सामग्रीहरूको व्यवस्थापन गर्ने, सो को अभिलेख राख्ने, विद्यार्थीको नियमित रेखदेख गर्ने सरसफाइ गर्ने, छात्राबासमा भएका सामग्रीहरूको जतन गर्ने मुख्य जिम्मेवारी हुनेछ ।

ग) छात्राबासमा तरकारी लगायतका आधारभुत सामग्रीका लागि आत्मनिर्भर बनाउने गरी व्यवसायिक कार्यको अगुवाई गर्नुपर्नेछ ।

घ) कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छात्राबासको कोषबाट उपलब्ध गराइने छ ।

आ) संयोजक शिक्षक :

छात्राबासमा एक जना शिक्षकलाई संयोजक शिक्षकको रूपमा जिम्मेवारी दिइनेछ । संयोजक शिक्षकको भूमिका देहाय बमोजिम हुनेछ ।

क) छात्राबासको शैक्षिक नियमित शैक्षिक क्रियाकलापको संयोजन सहित दैनिक क्रियाकलापको निर्देशन गर्ने

ख) दैनिक समयतालिका बनाइ कार्यान्वयन गराउने ।

ख) छात्राबासको सम्पूर्ण आम्दानी तथा खर्चको विवरण छात्राबासमा रहने विद्यार्थी तथा कर्मचारी एवं अन्य शिक्षकहरूको अभिलेख दुरूस्त राख्ने

ग) छात्राबासमा रहेका विद्यार्थीका अभिभावकसँग नियमित सम्पर्कमा रहने, आवश्यक सूचना सम्प्रेष्ण गर्ने

घ) विद्यार्थीहरू परिचालित हुने हरेक अतिरिक्त कार्यहरूमा समन्वयात्मक भूमिका सहित पूर्ण सहभागी हुने ।

ङ) आफु अनुपस्थित हुँदा होस्टलमै बस्ने अन्य कोही शिक्षक भए निजलाई र नभए कर्मचारीलाई पूर्ण जिम्मेवार बनाइ सबै कुराको जवाफदेहीता स्वयं हुनेगरीमा बिदामा बस्ने ।

च) संयोजक शिक्षकको रूपमा जिम्मेवारी लिएबापत विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छात्राबासको कोषबाट सेवा सुबिधा उपलब्ध गराइने छ ।

इ) शिक्षक :

छात्राबासमा संयोजक शिक्षक बाहेक अन्य शिक्षकहरू बस्न चाहेमा छात्राबासको सबै क्रियाकलापहरूमा अन्य विद्यार्थी शिक्षक सरह हुने गरी बस्न सक्नेछन् । छात्राबासमा रहने शिक्षकको भूमिका देहाय बमोजिम हुनेछ ।

क) विद्यार्थीको नियमित पढाइमा सहजीकरण गर्ने

ख) विद्यार्थीहरूलाई परिचालित गराइ गरिने हरेक अतिरिक्त कार्यकलापहरूमा सँगसँगै परिचालित हुने ।

ग) छात्राबासमा रहने शिक्षकका लागि खाना खाजा बाहेक अन्य कुनै प्रकारको अतिरिक्त सुबिधा भने उपलब्ध हुने छैन ।

**३) छात्रावास परिसरमा** निम्न कुराहरू पूर्ण रूपमा निषेधित हुनेछ ।

क) धुम्रपान, मध्यपान जस्ता कुराहरूको प्रयोग

ख) आपसी झैंझगडा, दुस्मनी, अनादारार्थी शब्दको प्रयोग

ग) जातीय, धार्मिक, भाषिक, लैङ्गिक वा अन्य आधारमा कुनै प्रकारको विभेद ।

घ) व्यवस्थापकको अनुमति बिना अन्य बाह्य व्यक्तिहरूको प्रवेश ।

**४) बसाइ व्यवस्थापन**

क) कोठाभित्र व्यक्तिगत रूपमा आवश्यक सामग्री विद्यार्थी स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

ख) नियमित प्रयोगका व्यक्तिगत सामग्रीको व्यवस्था समेत विद्यार्थी आफैले गर्नुपर्नेछ ।

ग) छात्राबास व्यवस्थापकले तयार गरेको कार्यतालिका अनुसार सबै विद्यार्थीहरू परिचालित हुनुपर्नेछ ।

**५) छात्रावासमा खानाको व्यवस्था :**

क) छात्रावासले शैक्षिक सत्रको सुरुमा दैनिक न्यूनतम २२२० क्यालोरी पर्नेगरी साप्ताहिक रूपमा खाना र खाजाको तालिका तयार गरी डाइनिङ कक्षमा टाँस गरिनेछ ।

ख) एक दिनमा न्यूनतम चार पटक खाना खाजाको व्यवस्था हुनेछ । (विहानको खाजा, विहानको खाना, दिउँसोको खाजा र बेलुकाको खाना) पाक्षिक रूपमा कम्तीमा एकपटक माछामासु तथा माछामासु नखानेका लागि मौसम अनुसारको फलफुलको व्यवस्था गरिनेछ ।

ग) छात्रावासबाट बाहिर वा अरू कसैको घरमा अन्य कुनै प्रयोजनका लागि पकाएको खाना लैजान दिइने छैन ।

ङ) मासिक रूपमा हरेक महिना पूरा हुनासाथ खानासम्बन्धी खर्चको हिसाब गरी जम्मा हुन आउने खर्चलाई विद्यार्थी संख्याले हिसाब गरी विद्यार्थीबाट उठाउने व्यवस्था गरिनेछ ।

च) छात्राबासमा तोकेको स्टाफ भन्दा बाहेक अन्य स्वदेशी वा बिदेशीहरूको खाना वा खाजाको हिसाब गरी सो को बारेमा छुट्टै हिसाब गरी तत्काल भुक्तान हुने व्यवस्था मिलाइने छ । र त्यसलाई विद्यार्थीमार्फत भुक्तानी हुने हिसाबमा कट्टा गरिनेछ ।

छ) पन्ध्र दिन भन्दा बढी भइ बीचमा जनसुकै कारणले छात्राबास छाडेमा अन्य सरह नै मासिक छात्राबासको खर्च विद्यार्थीले व्यहोर्नुपर्नेछ ।

ज) निर्धारित तालिका अनुसार वा भरपर्दो अभिभावकको साथमा मात्र विद्यार्थीलाई घर पठाइनेछ ।

झ) छात्रावासमा बाबुआमा वा अभिभावक भेट्न आउँदा छात्राबास व्यवस्थापकको समन्वयमा मात्र भेट्ने व्यवस्था गरिनेछ ।

**६) आचारसंहिता ः**

क) छात्राबासको आफ्नो लक्ष्य तथा उद्देश्यप्रति सबैलाई जिम्मेवार बनाउन आफ्नै किसिमको कार्यनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । नीति निर्माण गर्दा सबैको सहभागितामा निर्माण गरिने छ । साथै उजुरी तथा सुनुवाइको प्रक्रिया तर्जुमा गरी लागु गर्नुपर्ने छ । उक्त नीतिवारे छात्रावासका सबै संयोजक शिक्षक, अन्य शिक्षक, कर्मचारीहरु तथा विद्यार्थीहरूलाई अभिमुखीकरण गरिनेछ ।

ख) संयोजक शिक्षक, अन्य शिक्षक, कर्मचारीहरु तथा विद्यार्थीको लागि उनीहरुकै सहभागितामा छुट्टाछुट्टै आचारसंहिता तयार गरी सबैले देख्ने गरी टाँस गरिनेछ ।

ग) विद्यार्थी, शिक्षक, कर्मचारी जो कोहीले गरेको कुनै गम्भीर नकारात्मक व्यवहार वा गतिबिधिका कारण छात्रावास र विद्यालयको प्रतिष्ठामा आँच आउन खोजेको भन्ने लागेमा जुनसुकै बेला विद्यालय व्यवस्थापन समितिले निश्कासन गर्न, जिम्मेवारीबाट मुक्त गर्न सक्नेछ । त्यसका लागि कुनै सफाइको मौका दिइने छैन ।

च) छात्रावासलाई धुमपान, मादक पदार्थ तथा लागु पदार्थको सेवन गर्न निषेधित क्षेत्र हुनेछ ।

छ) एउटा तलामा छात्र र पूरूष शिक्षक तथा अर्को तलामा छात्रा र महिला शिक्षकहरू बस्नेछन् ।

ज) खाना खाजाको शुल्क बाहेक मासिक न्यूनतम रकम मर्मत तथा व्यवस्थापन गर्न लिन सकिनेछ ।

**७) खेलकुद अतिरिक्त क्रियाकलाप र मनोरन्जन**

क) विद्यार्थीहरुलाई नियमित शारीरिक व्यायाम तथा सिर्जनात्मक अभ्यास गर्न पाउने व्यवस्था गरिने छ ।

ख) छात्रावासमा सकेसम्म खेलकुद र मनोरञ्जनको सामाग्रीहरुको व्यवस्था गरिनेछ । साथै , विद्यार्थीहरुलाई छात्रावासभित्र र वाहिर आयोजना भएको वा हुने खेलकुद, साहित्यिक, साङ्गीतिक लगायतका सिर्जनात्मक क्रियाकलापमा भाग लिन प्रोत्साहित गरिनेछ ।

ग) छात्रावासमा बालक्लबको व्यवस्था गरिनेछ । छात्रावासका विद्यार्थीहरुका लागि बालक्लबमा सामेल भएर काम गर्न प्रोत्साहित गरिनेछ ।

च) व्यवसायिक सीपसँग समबन्धित क्रियाकलापमा बढीमा औसत दैनिक एक घण्टा बालकार्यका रूपमा शारीरिक र मानसिक बोझ नपर्ने गरी बालकार्यसँग सम्बन्धित क्रियकलापमा संलग्न गराइनेछ ।

**श्री तेर्से माध्यमिक विद्यालय**
**अनुसूची – १**
**छात्रावासमा बस्ने विद्यार्थीको वैयक्तिक विवरण**

विद्यार्थीको फोटो

विद्यालयको नाम र ठेगाना

विद्यार्थीको नाम थर :

जन्ममिति :

स्थायी ठेगाना :

बाबुको नाम थर :

फोन नं. :

आमाको नाम थर : फोन नं. :

बाजेको नाम थर : फोन नं. :

(टेलिफोन नं. नभएको अवस्थामा नजिकको सुरक्षा निकाय रहेको स्थान र सम्पर्क नं.टिपोट गर्नुपर्नेछ)

परिवारको सदस्य सङ्ख्या :

दाजु भाइ दिदी बहिनीको सङ्ख्या :

**अन्य व्यक्तिको संरक्षणमा रहेको भए**

संरक्षकको नाम थर : विद्यार्थीसँगको नाता :

संरक्षकको ठेगाना : सम्पर्क फोन नं. :

कुनै रोग/समस्या भए सोको नाम :

अपनाउनु पर्ने सावधानी :

..........................................................................................................

**छात्रावासबाट विद्यार्थीलाई बाहिर लैजान आउने व्यक्तिहरू :**

| नाम | थर | ठेगाना | नाता | फोटो |
|---|---|---|---|---|

**अभिभावकको तर्फबाट :**

विद्यार्थीको स्वभाव, व्यवहार आदिका कारण विद्यार्थीमार्फत कुनै प्रकारको घटना घटे वा घटाएमा सोको सम्पूर्ण जिम्मेवारी स्वंय अभिभावक हुने गरी विद्यालयलाई कुनै प्रकारको दोष दिने छैन ।

अभिभावकको नाम :

नाता :

हस्ताक्षर :

## अनुसूची – २
## (विद्यार्थीलाई छात्रावास बाहिर पठाउँदा/लैजाँदा भनुपर्ने अभिलेख/विवरणको ढाँचा)

**विद्यालयको नाम :**

**विद्यालयको ठेगाना :**

| क्र.सं. | मिति | विद्यार्थीको नाम | विद्यार्थीलाई लैजाने व्यक्तिको नाम | फोन नं. | विद्यार्थीसँगको नाता | लैजानुपर्ने कारण | लैजाने समय | ल्याउने समय | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

*(यो फाराम छात्रावासमा बसी अध्ययन गर्ने विद्यार्थीलाई आफन्तले निश्चित समय र प्रयोजनका लागि छात्रावास बाहिर लैजाँदा संयोजक शिक्षकले भर्नुपर्नेछ । नचिनेको अवस्थामा निजले आफ्नो स्पष्ट परिचय खुल्ने कागजात सँगै लिई नआएको अवस्थामा छात्रावास बाहिर लैजाने अनुमति दिने छैन । तोकिएको अवधि भित्र फिर्ता नल्याएमा तत्काल सम्पर्क गरी सो को कारण पत्ता लगाई विद्यालयका प्रधानाध्यापकलाई जानकारी गराउनुपर्दछ ।)*